**बेलबारी नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
बेलबारी, मोरङ
१ नं. प्रदेश, नेपाल

# Electronic Goods खरिद कार्यको शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०७६।०७।२०**

यस कार्यालयको प्रयोजनको लागि कम्प्युटर, प्रिन्टर र कम्प्युटर सर्भर आवश्यक भएकोले सो खरिद कार्य सिलबन्दी दरभाउपत्रद्धारा खरिद गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त उत्पादक कम्पनी/अधिकृत बिक्रेताबाट निम्न शर्तहरुको अधिनमा रही रीतपुर्वक शिलबन्दी दरभाउपत्र आव्हान गरिएको व्यहोरा इच्छुक सम्वन्धित सबैलाई यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ।

शर्तहरु

१) दरभाउपत्र फारम सुचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र चालु आ.व. का लागि नविकरण भएको ईजाजतपत्र, आयकर र मु.अ. कर दर्ता तथा आ.ब.२०७५/०७६ सम्मको कर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपि वा सम्वन्धित निकायबाट म्याद थपको कागज संलग्न राखी लिखित निवेदनका साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक बोलपत्र दाताले यस कार्यालयबाट मिति २०७६ मंसिर ४ गते कार्यालय समय सम्म दरभाउपत्र कागजात खरिद गर्न सकिनेछ।

२) खरिद भएको दरभाउपत्र फाराम सिलबन्दी गरी खाम बाहिर आफनो फर्मको नाम, ठेगाना, ठेक्का नं र सम्पर्क नम्बर स्पष्ट उल्लेख गरी यस कार्यालयमा मिति २०७६ मंसिर ५ गते दिनको १२ बजे भित्र दर्ता गरी सक्नुपर्नेछ।

३) खरिद भएको दरभाउपत्र दोस्रो पटक प्रकाशित मितिले मिति २०७६ मंसिर ५ गते २:०० बजे उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

४) दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिन सोही अनुसार हुनेछ।

५) तपशिलमा उल्लेखित धरौटी वापतको रकम बेलबारी नगरपालिकाको कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, बेलबारी शाखा रहेको धरौटी खाता नं. 2430303007103 मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको कुनै पनि वाणिज्य बैंकबाट जारी गरिएको कम्तिमा ७५ दिन सम्म मान्य भएको शिलबन्दी दरभाउपत्र जमानत पेश गर्नु पर्नेछ।

६) म्याद नाघि आएको रीत नपुगेको वा शर्त राखि पेश भएको दरभाउपत्र मान्य हुने छैन।

७) दरभाउपत्रदाताबाट दरभाउपत्रमा उल्लेखित मूल्य अभिवृद्धि कर (VAT) बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ। सो दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ।

८) यस कार्यालयको हितलाई ध्यानमा राखि दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।

९) दरभाउपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

१०) यस सूचनामा उल्लेख नभएको अन्य विषय प्रचलित ऐन, नियमानुसार हुनेछ।

११) दरभाउपत्र स्वीकृत भई सम्झौता भएपछि यस कार्यालयमा सम्झौता गरेको १५ दिन भित्र सामान उपलब्ध गराउनु पर्ने छ। स्वीकृत फर्म वा सप्लायर्सले म्याद भित्र सामान उपलब्ध नगराएमा धरौटी जफत गरी कार्यालयबाट अर्को व्यवस्था मिलाइने छ।

१२) दरभाउपत्र दाताले नेपाल सरकारको कानून बमोजिम लाग्ने कर भन्सार शुल्क स्वयंले तिर्नु पर्नेछ। यस कार्यालयबाट कर छुटको लागि कुनै सिफारिस गर्ने छैन।

१३) अन्य जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ।

१४) शिलबन्दी दरभाउपत्रको कामको विवरण निम्न अनुसार छ।

| क्र. सं. | ठेक्का नं | कामको विवरण (खरिद गर्नु सामाग्री) | आवश्यक संख्या | ल. ई. रकम रु. (भ्याट बाहेक) | शिलबन्दी दरभाउपत्र जमानत र कम रु. (भ्याट सहितको) | शिलबन्दी दराभाउपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) रु |
|---|---|---|---|---|---|---|
| १ | BM/ MOR/G/ SQ-03- 2076/2077 | Electronic Goods | १५ थान कम्प्युटर, ६ थान प्रिन्टर, १ थान सर्भर कम्प्युटर | १७,०९,५००।०० | ५७,९५०।०० | १०००।० |

प्रमुख प्रसाशकिय अधिकृत